# शोध-निर्देशको मन्तव्य

"नेपाली कविताको विकासमा सिक्किमको योगदान (सन् १९४०-१९९०)" शीर्षकको प्रस्तुत शोध प्रबन्ध श्रीमती पुष्पा शर्माले मेरो निर्देशनमा रही तथा विषयमा लगनशील भई गहन अध्ययन गरेर तयार पार्नु भएको हो।

सन् १९७५ भन्दा अघि सिक्किम एउटा स्वतन्त्र राष्ट्र थियो; सन् १९७५ मा यो भारतमा विलय भएर भारतको एउटा अङ्ग राज्य बन्यो। विश्वका विभिन्न राष्ट्र, प्रान्तहरूमा झैं सिक्किममा पनि नेपालीहरूको बसोबासो प्राचीनकालदेखि नै हुँदै आएको कुराको उल्लेख पुराण र इतिहासका ग्रन्थहरूमा पाइन्छ। नेपालीहरू जहाँ र जस्तोसुकै परिस्थितिका चेपारामा बसे तापनि उनीहरूले आफ्नो भाषा-साहित्य र संस्कृतिको यथासम्भव संरक्षण र संवर्द्धन गर्दै आएका छन्। नेपाली भाषालाई भारतीय संविधानको आठौं अनुसूचीमा अन्तर्भुक्त गराउने काममा सिक्किमको भूमिका अग्रगण्य रहेको छ। त्यस्तै नेपाली साहित्य र खास गरेर कवितालाई संरक्षण र संवर्द्धनकासाथै गतिशील तुल्याउने सिक्किमेली नेपाली भाषा-साहित्य सम्बन्धी सङ्घ-संस्थाहरूमा 'अपतन साहित्य परिषद्, सिक्किम' - प्राचीन संस्था रहेको देखिन्छ। 'अपतन साहित्य परिषद्' -को गठन (सन् १९४७) -को छेउछाउदेखि सन् १९९० सम्म आइपुग्दा सिक्किममा नेपाली कविताले लगभग पचास वर्षको लामो यात्रा पार गरिसकेको छ र यस पचास वर्षको अवधिमा सिक्किमेली नेपाली कविता राष्ट्रिय एवम् अन्तरराष्ट्रिय जगतमा देखापरेका परिवर्तन र त्यस्ता परिवर्तनहरूले जन्माएका मान्यता-धारणा आदिबाट पनि प्रभावित-प्रेरित भई तथा स्वकीय मान्यता-धारणाहरूलाई पनि अँगाल्दै र आफ्नै रूप-रङ्गमा सजिदै गतिशील बन्न सकेको पाइन्छ। त्यसैले सिक्किम सरकारी महाविद्यालयकी नेपाली विभागकी अध्यापिका श्रीमती पुष्पा शर्माले "नेपाली कविताको विकासमा सिक्किमको योगदान (सन् १९४०-१९९०)" शीर्षकको यस शोध प्रबन्धलाई सात अध्यायहरूमा विभाजन गरी सन् १९४०-१९९० सम्म रचित-प्रकाशित एवम् उपलब्ध कविता-कृतिहरूको परिचय, विश्लेषण, वर्गीकरण र मूल्याङ्कन गरी सिक्किमेली नेपाली कविताले नेपाली कविताको विकासमा पुऱ्याएका थप योगदानमाथि प्रकाश पार्नु भएको छ।

शोध प्रबन्धको पहिलो अध्याय "शोधकार्यको परिचय" रहेको छ र यसमा शोधकर्त्ताले शोध प्रबन्धको शीर्षकको परिचय लगायत शोधको उद्देश्य, औचित्य एवम् सीमा सम्बन्धी विषयहरूमा प्रकाश पार्नु भएको छ। यसको दोस्रो अध्याय "सिक्किमको परिचय" रहेको छ र यस अध्यायमा सिक्किमको प्राचीन पौराणिक एवम् ऐतिहासिक परिचय र महत्व आदि दर्शाएर शोधकर्त्ताले सिक्किममा नेपालीहरूको बसोबासो, सिक्किमेली नेपाली भाषा-साहित्य र संस्कृति सम्बन्धी सङ्घ-संस्थाहरू, तथा त्यस्ता सङ्घ-संस्थाहरूले गरेका कार्यावलीहरूको विवेचनात्मक अध्ययन प्रस्तुत गर्नु भएको छ। शोध प्रबन्धको तेस्रो अध्याय "सिक्किममा नेपाली कविताको विकास" रहेको छ। यस अध्यायमा शोधकर्त्ताले नेपाली कविताको विकास-प्रक्रियाको संक्षिप्त एवम् सान्दर्भिक चर्चा गरेर सिक्किमेली नेपाली कविताको थालनी र विकास प्रक्रियाको यथासम्भव गहन र विस्तृत चर्चा गर्नु भएको छ। यसै अध्यायमा सिक्किमेली नेपाली कविताले आफ्नो यात्रा कालदेखि सन्

१९९० सम्म आइपुग्दा पारगर्दै आएका चरणहरू छुट्याउने र चरणगत प्रवृत्तिहरूको चर्चा-विवेचना गर्ने काम पनि भएको छ। यसै अध्यायमा सन् १९४०-१९९० को अवधिका सिक्किमेली नेपाली कविताका प्रत्येक चरणमा देखापरेका कवि र सम्बन्धित कविका कविता-कृतिहरूको रचनाकाल, प्रकाशन काल जस्ता विषयमा प्रकाश पार्दै कवि एवम् कविता-कृतिहरूको परिचयात्मक अध्ययन प्रस्तुत गर्ने काम पनि भएको छ। चौथो अध्याय "सिक्किमेली नेपाली कविता-कृतिको विश्लेषणात्मक अध्ययन" रहेको छ र यस अध्यायमा सन् १९४०-१९९० सम्म सिक्किमेली नेपाली कविहरूद्वारा रचित-प्रकाशित एवम् उपलब्ध एकहत्तरवटा कविता-कृतिहरूमध्ये प्रत्येक चरणका प्रवृत्तिहरूको प्रतिनिधित्व गर्न सक्ने मुख्य-मुख्य कविता-कृति छानेर एक्काइसवटा कविता-कृतिहरूको विश्लेषणात्मक अध्ययन प्रस्तुत गरिएको छ। विश्लेषण तथ्य वा वस्तुपरक र गहन छ। पाँचौं अध्याय "सिक्किमेली नेपाली कविताको वर्गीरकण" रहेको छ र यस अध्यायमा सन् १९४०-१९९० सम्मका एकहत्तरवटा सिक्किमेली नेपाली कविता-कृतिहरूलाई भाव वा विषयवस्तु, छन्द-लय विधान, आयाम एवम् संरचना-स्वरूप र कवित्वको स्तरका आधारमा वर्गीकरण गरेर देखाउने काम भएको छ। शोध-प्रबन्धको छैठौं अध्याय "सिक्किमेली नेपाली कविताको मूल्याङ्कन र नेपाली कविताको विकासमा सिक्किमको योगदान" रहेको छ। यस अध्यायमा सन् १९४०-१९९० सम्मका उपलब्ध एकहत्तरवटा सिक्किमेली नेपाली कविता-कृतिहरूको मूल्याङ्कन गरेर ती प्रत्येक कविता-कृतिहरूका मुख्य-मुख्य विशेषताहरू दर्शाइएको र त्यसपछि शोध-अवधिका सिक्किमेली नेपाली कविता-कृतिहरूद्वारा नेपाली कविताका विकासको मूल प्रवाहमा हुन सकेको थप सहयोगको विवेचनात्मक चर्चा गरिएको छ। शोध प्रबन्धको अन्तिम अध्याय सातौं अध्याय - "उपसंहार र निष्कर्ष" अध्याय रहेको छ। यसको 'उपसंहार' अंशमा शोधकर्त्ताले यस शोध प्रबन्धका पूर्ववर्ती अध्यायहरूमा गरिएका कार्यहरूको सार संक्षेप प्रस्तुत गर्नु भएको छ र 'निष्कर्ष' अंशमा चाहिँ प्रस्तुत शोधकार्यबाट प्राप्त हुन गएका मुख्य-मुख्य कुराहरूलाई बुँदागत रूपमा प्रस्तुत गर्नु भएको छ।

शोधकर्त्ताले सिक्किममा नेपाली कविताको थालनी र विकास प्रक्रियाको चर्चा गरेर नेपाली कविताको विकासमा सिक्किमले गरेको योगदानमा प्रकाश पार्ने काम गर्दा सम्बन्धित विषयमा गहन अध्ययन गर्नु भएको र शोध सम्बन्धी नियम र अनुसन्धानतर्फ सचेत रहेर धेरै कुराहरूको खोजी गर्नु भएको छ र यथासम्भव तथ्य वा प्रमाण सहित आफ्ना विषयको पुष्टि गर्नु भएको छ। शोधकर्त्ताले गरेको चर्चा-विवेचना-विश्लेषण र मूल्याङ्कन सम्बन्धी प्रयासहरू शोधकार्य अनुकूल रहेका छन्।

अन्त्यमा नेपाली विषयमा विद्यावारिधि (पी.एच.डी.) उपाधिका निम्ति तयार पारिएको प्रस्तुत शोध प्रबन्धको उचित मूल्याङ्कनका निम्ति उत्तर बङ्ग विश्वविद्यालयलाई समुचित व्यवस्था मिलाइदिन हुन म सिफारिश गर्दछु।

भीमकान्त उपाध्याय

**भीमकान्त उपाध्याय**

शोध-निर्देशक

Professor
Department of Nepali
NORTH BENGAL UNIVERSITY

दिनाङ्क २-७-२००९